तारकेश्वर गाउँपालिकाको बाह्रौं गाउँसभा अधिवेशनमा गाउँपालिका उपाध्यक्ष

**“श्री हरि प्रसाद रिमाल”**

**द्वारा प्रस्तुत**

# आर्थिक वर्ष २०८२/८३ को

# बजेट बक्तव्य

# तारकेश्वर गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

**दाङसिङ, नुवाकोट**

२०८२/०३/१०

**तारकेश्वर गाउँपालिकाको गाउँसभाका सभा अध्यक्ष ज्यू,**
**गाउँसभाका सद्स्यज्यूहरु, गाउँसभाका सचिवज्यू गाउँपालिकामा कार्यरत समपूर्ण कर्मचारीहरु, सुरक्षा निकायका मित्रहरु, पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,**

समग्र मुलुकको अर्थतन्त्र संकुचित भएको चुनौतिपूर्ण परिस्थितिको सामाना सामुहिक प्रयासबाट मात्रै गर्न सकिने हुदाँ यसका लागि समस्त तारकेश्वरबासीलाई आवहान गर्न चाहन्छु। आगामी बजेट तारकेश्वर गाउँपालिकाको सबलीकरण, सन्तुलित आर्थिक विकास र गाउँपालिकावासीको समुन्नती र समृद्धीको आधार निर्माणमा कोशेढुङ्गाको रुपमा रहने छ भन्ने दृढ विश्वासका साथ नेपालको संविधान २०७२ को धारा (२३०) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आर्थिक वर्ष २०८२/०८३ को आय-व्ययको अनुमान र बजेट कार्यक्रम यस गरिमामय गाउँसभामा पेश गर्न पाउँदा म अत्यन्तै खुशी भएको छु।

यस ऐतिहासिक समारोहको अवसरमा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारको रक्षा, र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जनआन्दोलन तथा सशस्त्र संघर्षका क्रममा आफ्नो अमुल्य जीवन उतसर्ग गर्नुहुने सबै ज्ञात-अज्ञात सहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु। यस क्रममा भएका सबै आन्दोलन र संघर्षको नेतृत्व गर्नुहुने सम्पुर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै बेपत्ता परिवार, घाइते, अपाङ्ग तथा आन्दोलनमा अमूल्य योगदान गर्नुहुने सम्पूर्ण जनसमुदाय प्रति उच्च सम्मान व्यक्त गर्दछु।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं योजना, राष्ट्रिय तथा क्षेत्रगत नीति स्थानीय सरकार सञ्चालन ऐन, गाउँपालिकाको नीति तथा कार्यक्रम, चुनावि घोषणापत्र, "**समृद्ध तारकेश्वर सुखी तारकेश्वरबासी**" को लक्ष्यलाई महत्वपुर्ण आधारको रुपमा लिएको छु । सबै प्रकारका सामाजिक, आर्थिक विभेदको अन्त्य गर्दै विकास, शान्ति, सुशासन, समृद्धि र सामाजिक न्यायको यात्रालाई थप गतिशिल बनाउने र जनप्रतिनिधी, राजनीतिक दल, नागरिक समाज, निजि क्षेत्र तथा आम नागरिकबाट प्राप्त सुझावलाई समेत यथोचित महत्व दिएको छु ।

"हामी सबैको साझा अभियानः समृद्ध तारकेश्वरको निर्माण" भन्ने नारालाई प्राथमिकतामा राखि प्रस्तुत आगामी आर्थिक वर्षको नीति तथा कार्यकमको प्रभावकारी कार्यान्वयन हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**गाउँसभाका सभा अध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको स्थितिको संक्षिप्त समिक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- ❖ चालु आर्थिक वर्षमा संघीय र प्रदेश अनुदान,राजस्व बाडँफाड, आन्तरिक राजस्व मार्फत प्राप्त हुने प्रस्तावित आय रकम रु ४२,७०,५२,००० विनियोजन गरिएकोमा २०८२ साल असार ९ गते सम्म वास्तिववकि आय रकम रु ३५,८४,०७,०९५.०७ प्राप्त भएको र रू. ६६,८६,४४,९०४.९३ प्राप्त हुन बाँकी रहेको छ। हाल सम्म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा चालु तर्फ कुल विनियोजित रकम को ७१.७६% खर्च भएको तथा पुजिगत तर्फ कुल विनियोजित रकम को ३४.४९% खर्च भएको अवस्था रहेको छ । कुल विनियोजित रकम को ८५ % खर्च हुने अनुमान रहेको छ। हाल सम्म चालु आर्थिक वर्षको ६१.६९% बजेट खर्च भईसकेको छ।
- ❖ चालु आ.व. मा कुल विनियोजित रकम ८६% संघिय र प्रदेश अनुदान,राजस्व बाडँफाड, आन्तरिक राजस्व मार्फत प्राप्त हुने अवस्था रहेको छ तथा कुल विनियोजित रकम को ८९ % खर्च हुने अनुमान रहेको छ।

**गाउँ सभाका अध्यक्ष ज्यु ,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८२।८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु। कृषिमा उत्पादनशिलता, वातावरणमैत्री विकास, तथा सुशासनमैत्री सेवा प्रवाह भन्ने ध्येयका साथ प्रस्तुत बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- गाउँपालिकाको सबलीकरण र संस्थागत सुदृढीकरण तथा सुशासन प्रबर्धन गर्ने
- कृषि क्षेत्रलाई मुख्य प्राथमिकतामा राखी कृषि क्षेत्रको विकास मार्फत समृद्ध तारकेश्वरको निर्माण गर्ने।
- स्थानिय स्रोत साधन, श्रम शक्ति, पुँजी र प्रविधिको अधिकतम उपयोग र एकिकृत परिचालनबाट समग्र क्षेत्रको विकास गर्ने।
- संघीय सरकार तथा प्रदेश सरकार सँग समन्वय र सहकार्यमा आर्थिक सामाजिक पूर्वाधारमा लगानी अभिवृद्धि गर्दै उत्पादन र उत्पादकत्वमा वृद्धि गरी दिगो आर्थिक विकास गर्ने।
- आर्थिक सामाजिक रुपान्तरण गर्न लक्षित वर्गको कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय प्राकृतिक स्रोत संरक्षण र सम्वर्धन गर्ने,

आगामी आर्थिक वर्षको बजेटको प्राथमिकताहरु निम्नानुसार तय गरेको छुः

- कृषि र पशुपालन क्षेत्रको प्रवर्द्धन र विकास।
- निजि तथा सहकारी क्षेत्रको सहकार्यमा स्थानिय उत्पादन बृद्दि गरी रोजगारी सिर्जना र गरिबी निवारण।
- पर्यटन प्रवर्द्धन
- नविनतम प्रविधि र नवप्रवर्तनमा आधारित स्थानीय विकास।
- पुर्वाधार विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जोखिम न्युनीकरण ।
- प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्धन ।
- औद्योगिक विकास निजी क्षेत्र प्रवर्द्धन

**गाउँ सभाका अध्यक्षज्यू,**

**गाउँ सभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक बर्षको बजेटको मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**१. सार्वजनिक सेवा सुदृढिकरण तथा सुशासन प्रवर्द्धन**

सार्वजनिक सेवालाई जनमैत्री, छिटो, छरितो तथा प्रभावकारी बनाउन सार्वजनिक प्रशासनको सुधार, कर्मचारीहरुको क्षमता अभिवृद्दि सम्वन्धि तालिम कार्यक्रमहरुको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**२. कार्यालय सञ्चालन/प्रशासनीक खर्च**

तारकेश्वर गाउँपालिकाको प्रशासनिक सञ्चालन खर्च तथा कर्मचारीहरुको तलव, सेवा सुविधा, पदाधिकारिको सेवा सुविधा, ईन्धन, मर्मत, भाडा मसलन्द, फर्निचर तथा फिक्चर्स, मेशिनरी औजार, विविध खर्च, तालिम गोष्ठी सेमिनार, लगायत अन्य सम्पुर्ण खर्चको व्यवस्थापन गर्नको निम्ती रु. ११ करोड ५० लाख विनियोजन गरेको छु ।

**कृषि र पशुपालन क्षेत्रः**

तारकेश्वर गाउँपालिकाको नविनतम प्रविधिहरुको प्रयोगबाट कृषि क्षेत्रमा रुपान्तरण गरी उत्पादन वृद्दि र कृषकहरुलाई आत्मनिर्भर बनाई व्यवसायिक कृषि तर्फ उन्मुख गराउन देहायका नीतिगत सोचका आधारमा आगामी आर्थिक बर्षको बजेट तर्जुमा गरेको छु ।

- कृषि र पशुपालन क्षेत्रका उत्पादनलाई प्राथमिकीकरण गर्दै कृषि व्यवसायिकरण मार्फत कृषि उपजहरुमा क्रमशः आत्मनिर्भरताको लागि कृषि विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- कृषि क्षेत्र सँग सम्बन्धित कार्यक्रमहरुको सञ्चालन गर्न रू. ५० लाख विनियोजन गरेको छु।
- पशु सेवा क्षेत्र सँग सम्बन्धित कार्यक्रमहरुको सञ्चालन गर्न रू. २० लाख विनियोजन गरेको छु।

### ३. पर्यटन क्षेत्रः

तारकेश्वर गाउँपालिकाको आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्धन गरी पर्यटन क्षेत्रहरुलाई विशेष आर्थिक क्षेत्रको रुपमा विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

### ४. वातावरण संरक्षण तथा विपद व्यवस्थापनः

वन क्षेत्रलाई जैविक विविधताको संरक्षण र पर्यटकीय उद्योगको विकास महत्वपुर्ण आधारको रुपमा विकास गरि रोजगारी तथा अन्य आय आर्जनका क्रियाकलापहरुमा सहयोग पुर्याउने लक्षित कार्यक्रमहरुको व्यवस्था गरेको छु । वातावरण संरक्षण र जलवायु परिवर्तनका नकरात्मक असरबाट बच्नका लागि वृक्षारपोण, हरियाली प्रवर्द्धन, फोहोरमैला व्यवस्थापन कार्यक्रमहरु सञ्चालन तथा विपद व्यवस्थापनका लागि आवश्यक रू. ५० लाख विनियोजन गरेको छु ।

### ५. स्वास्थ्य सेवाः

गुणस्तरिय स्वास्थ्य सेवामा सबै को सरल र सहज पहुँच सुनिश्चित गर्न तारकेश्वर गाउँपालिकाभित्रको सवै स्वास्थ्य चौकीहरुको क्षमता अभिवृद्धि र सेवा प्रवाहको क्षेत्र विस्तार गर्न विभिन्न स्वास्थ्य सम्वन्धि कार्यक्रमहरु संचालन गर्न र महामारीजन्य सरुवा रोग रोकथाम तथा नियन्त्रण गर्न रु २५ लाख रकम विनियोजन गरेको छु।

### ६. शिक्षा, युवा तथा खेलकुदः

शैक्षिक गुणस्तर सुधार गरी जीवनोपयोगी र समयानुकुल प्रविधिमैत्री शिक्षा प्रदान गर्न शैक्षिक क्षेत्र सुधार, छात्रवृति कार्यक्रम सञ्चालन गर्न रु. ४० लाख बजेट विनियोजन गरेको छु ।
युवाहरुको उद्यमशीलता, अन्तरनीहित प्रतिभा र क्षमता, रचनात्मकताको अभिवृद्धि गर्न समय सापेक्ष तालिम कार्यक्रमको व्यवस्था मिलाएको छु। खेल संस्कृतिको विकास गरि व्यवसायिक

खेलाडी उत्पादन, स्थानियस्तरमा खेलाडीहरुलाई प्रोत्साहन गर्दै खेलकुद विकास गर्न खेलकुद पुर्वाधार निर्माण र खेलकुद प्रतियोगिताको लागी आवश्यक रकम बिनियोजन गरेको छु । साथै सबै विद्यालयमा नेपाल स्काउटको विस्तार गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु।

**७. न्याय प्रणाली तथा न्याय प्रशासन सुधार**

तारकेश्वर गाउँपालिकावाट सम्पादन हुने न्याय प्रणालीलाई सुदृढिकरण गर्दै न्याय सेवा प्रवाहलाई छिटो, छरितो, सर्वसुलभ र निष्पक्ष बनाउन तथा समग्र न्याय प्रणालीको क्षमता विकास सम्बन्धि कार्यक्रम सञ्चालन गर्नको निम्ती रू ७ लाख बजेटको व्यवस्था गरेको छु ।

**८. खानेपानी तथा सरसफाई**

तारकेश्वर गाउँपालिकाको एक घर एक धारा कार्यक्रम लगायत संघीय र प्रदेशको समन्वयमा अन्य खानेपानी आयोजनाहरुको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**९. जलस्रोत तथा सिँचाई**

नविनतम प्रविधिको प्रयोगबाट व्यवसायिक कृषि प्रवर्द्धन र कृषकहरुलाई आवश्यक सिँचाई सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व वृद्दि गर्न तथा सम्पन्न भएका सिँचाई आयोजनाहरुको व्यवस्थित रुपमा सञ्चालन र मर्मत सम्भार गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**१०. सामाजिक सुरक्षा र संरक्षण**

विपन्न, जेष्ठ नागरिक, एकल महिला, फरक क्षमता भएका व्यक्ति, आर्थिक सामाजिक तथा सांसकृतिक रुपमा सिमान्तिकृत तथा लक्षित वर्ग र समुदायको संरक्षण र उत्थानका लागि विशेष कार्यक्रम निर्माण तथा सञ्चालनको लागी आवश्यक बजेटको रकम विनियोजन गरेको छु ।अपाङ्गता भएका व्यक्तिहरु, महिला बालबालिका, दलित, आदिवासी जनजाति लगायत लक्षित वर्ग समुदायका लागी सिपमुलक, जनचेतनामुलक तथा आयआर्जन र जिविकोपार्जन सम्बन्धि कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । महिला बालबालिका, जेष्ठ नागरिक, तथा लक्षित वर्ग र समुदायको संरक्षण र उत्थानका लागि कार्यक्रम सञ्चालन गर्न रु. २० लाख बजेट विनियोजन गरेको छु ।

**११.सडक, भवन र अन्य पुर्वाधार**

आर्थिक सामाजिक रुपान्तरणका लागि "**व्यवस्थित सडक र पुर्वाधार तारकेश्वर विकासको आधार**" भन्ने नारा चरितार्थ गर्न गाउँपालिकाको सबै भेगमा सडक सञ्जालको विस्तार र विकास गर्न लगानी वृद्धि गरेको छु ।

- तारकेश्वर गाउँपालिकाको प्रशासकीय भवनको निर्माण कार्य पूर्ण गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- तारकेश्वर गाउँपालिका गौरवको आयोजनाको रुपमा रहेका सडकलाई बाह्रै महिना सवारी सञ्चालन गर्ने गरी स्तरोन्नती गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

गाउँपालिका भित्रको सडक निर्माण स्तरोन्नति, भवन निर्माण लगायतको पुर्वाधारको विकासको लागि रू.१ करोड ८२ लाख रकम विनियोजन गरेको छु ।

## १२.वडागत बजेट

यस तारकेश्वर गाउँपालिका भित्र रहेका ६ वटै वडा हरुको आगामी आ.व. २०८२/०८३ मा वडा स्तरिय योजना छनौट तथा बजेट निर्माण तथा वडागत प्रशासनिक खर्चका लागि निर्धारण गरिएको बजेट सिमा अनुसार प्रति वडा रु. ३६ लाख गरी जम्मा रु. २ करोड १६ लाख रकम विनियोजन गरेको छु ।

## १३.संघीय सशर्त अनुदान रकम

संघीय सरकारबाट प्राप्त सशर्त अनुदान वापतको रकम रु १६ करोड ३ लाख सोही अन्तरगतका शिर्षकहरुमा बिनियोजन गरेको छु।

## १४. संघीय सरकार विशेष अनुदान रकम

आ.व. २०८२/८३ को लागी संघीय सरकारबाट प्राप्त विशेष अनुदान बापतको रकम रु. ६६ लाख जोरघट्ट खानेपानी आयोजना शिर्षकमा विनियोजन गरेको छु ।

## १५.प्रदेश सरकार सशर्त अनुदान रकम

प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान बापतको रकम रु २ करोड २८ लाख ५७ हजार सोही अन्तरगतका शिर्षकहरुमा बिनियोजन गरेको छु ।

## १६.प्रदेश सरकार विशेष अनुदान रकम

"जोरघट्ट ठाटीखोला तारुका खानेपानी आयोजना वडा नं. २, ३" को लागी प्राप्त प्रदेश सरकार विशेष अनुदानको रकम रु.६५ लाख सोही शिर्षकमा विनियोजन गरेको छु ।

**१७.** आ.व. २०८२/८३ को समपुरक अनुदान शिर्षकमा संघीय सरकार र प्रदेश सरकार बजेट माग नगरिएको जानकारी गराउन चाहन्छु ।

तारकेश्वर **गाउँपालिकाको बजेट संघिय सरकार** र **प्रदेश सरकारबाट हस्तान्तरित संचितकोषको मौज्दात रकम र आन्तरिक आयको अनुमान गरि रू ४०,२२,५७,०००/- (चालिस करोड बाईस लाख सन्ताउन्न हजार रुपैंया मात्र) विनियोजन गरेको छु।**

**गाउँ सभाअध्यक्ष ज्यु ,**

**गाउँ सभाका सदस्य ज्युहरु,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागी बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्षका लागी अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये निम्नानुसार रहेका छन ।

| **सि.नं.** | **आम्दानी शिर्षक** | **रकम रु.** | **अक्षरमा** | **कैफियत** |
|---|---|---|---|---|
| **संघिय सरकारबाट हस्तान्तरण हुने** | | | | |
| १ | समानीकरण अनुदान रकम | ७,१७,००,०००/- | सात करोड सत्र लाख रुपैयाँ मात्र | |
| २ | सशर्त अनुदान रकम | १६,०३,००,०००/- | सोह्र करोड तीन लाख रुपैयाँ मात्र | |
| ३ | विशेष अनुदान | ६६,००,०००/- | छैसठ्ठी लाख रुपैया मात्र | |
| ४ | राजश्व बाडँफाँड रकम | ६,९८,२३,६०७/- | छ करोड अन्ठानब्बे लाख तेईस हजार छ सय सात रुपैयाँ मात्र | |
| **प्रदेश सरकारबाट हस्तान्तरण हुने** | | | | |
| १ | प्रदेश वित्तिय समानीकरण अनुदान रकम | ६७,०६,०००/- | सतसठ्ठी लाख छ हजार रुपैयाँ मात्र | |
| २ | प्रदेश सशर्त अनुदान रकम | २,२८,५७०००/- | दुई करोड अठाईस लाख सन्ताउन्न हजार रुपैयाँ मात्र | |
| ३ | प्रदेश विशेष अनुदान रकम | ६५,००,०००/- | पैसठ्ठी लाख रुपैयाँ मात्र | |
| ४ | प्रदेश राजश्व बाडफाँड रकम | २,८३,५४,४२४.७९ /- | दुई करोड त्रियासि लाख चौउन्न हजार चार सय | |

| | | | | |
|---|---|---|---|---|
| | | | चौविस रुपैयाँ उनान्स्सी पैसा मात्र | |
| ५ | आन्तरिक आय/राजश्व | २,९४,१५९६८.२१/- | दुई करोड चौरानब्बे लाख पन्ध्र हजार नौ सय अठसठ्ठी रुपैयाँ एक्काईस पैसा मात्र | |
| | **कुल जम्मा** | ४०,२२,५७,०००/- | **चालिस करोड बाईसलाख सन्ताउन्न हजार रुपैंया मात्र** | |

**गाउँ सभाअध्यक्ष ज्यु ,**

**गाउँ सभाका सदस्य ज्युहरु,**

आगामी आर्थिक वर्षका लागि शिर्षकगत खर्च निम्नानुसार अनुमान गरिएको छ ।

**गाउँ सभाका अध्यक्ष ज्यु ,**

**गाउँ सभाका सदस्य ज्युहरु,**

| **खर्च शिर्षक** | **बिनियोजित रकम** |
|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनीक खर्च | ११,५०,००,००० |
| पुर्वाधार विकास तर्फ | १,८२,००,००० |
| शिक्षा युवा तथा खेलकुद | ४०,००,००० |
| स्वास्थ्य तर्फ | २५,००,००० |
| कृषि क्षेत्र तर्फ | ५०,००,००० |
| पशु विकास तर्फ | २०,००,००० |
| समाजिक विकास (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, लक्षित वर्ग) | २०,००,००० |
| न्यायीक क्षेत्र सुधार | ७,००,००० |
| वडागत बजेट | २,१६,००,००० |
| वन वातावरण तथा विपद व्यवस्थापन | ५०,००,००० |
| भुक्तानी वाँकी | ३,००,००,००० |
| **जम्मा** | **२०,६०,००,०००** |
| संघिय सशर्त तर्फका कार्यक्रम | १६,०३,००,०००/- |
| प्रदेस सशर्त तर्फका कार्यक्रम | २,२८,५७०००/- |
| संघिय विशेष अनुदान तर्फका योजना | ६६,००,०००/- |
| प्रदेश विशेष अनुदान तर्फका योजना | ६५,००,०००/- |
| **कुल जम्मा** | ४०,२२,५७,०००/- |

प्रस्तुत बजेटले समग्र तारकेश्वर गाउँपालिकाको सन्तुलित रुपमा सामाजिक आर्थिक विकास गर्दै गाउँपालिकाको सबलीकरण र सेवा प्रवाहमा सुधार भई सुशासन प्रवद्धनमा उल्लेखनिय सुधार हुने अपेक्षा गरेको छु।

प्रस्तुत बजेट तर्जुमाका क्रममा प्राप्त मार्गदर्शनका लागि गाउँपालिकाको अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, पालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरु, राजनीतिक दलहरु, निजि क्षेत्र, नागरिक समाज, सञ्चार जगतलाई हार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यस बजेटको कार्यान्वयनमा सबै तारकेश्वरबासिको महत्वपुर्ण साथ, सहयोग र सदभावको अपेक्षा सहित बिदा हुन चाहन्छु ।

**धन्यवाद,**

**हरि प्रसाद रिमाल**
**उपाध्यक्ष**